## समय प्रविष्टि त्रुटिहरू

| त्रुटि टेक्स्ट | कदम चाल्नु आवश्यक छ |
| --- | --- |
| **"यस खाताका लागि कुनै सक्रिय अनुमति छैन। कृपया आफ्ना सुपरभाइजरलाई सम्पर्क गर्नुहोस्।"** | • यो कागजी भौचर प्रणाली प्रयोग गरेर हुलाकमार्फत भौचर प्राप्त नगर्नु बराबर हो। उपभोक्ताको अनुमति अद्यावधिक गरिएको छैन।<br>• तपाईंले काम गर्न अनुमति प्राप्त गर्नुभएको कुरा सुनिश्चित गर्नका लागि सकेसम्म चाँडो समाधान गर्न आफ्नो स्थानीय कार्यालयमा सम्पर्क गर्नुहोस्। |
| **"तपाईं ग्राहकको डिस्चार्ज मितिभन्दा बाहिरको सेवा मितिका लागि पन्च प्रविष्ट गर्ने प्रयास गर्दै हुनुहुन्छ। कृपया आफ्नो सुपरभाइजरलाई सम्पर्क गर्नुहोस्।"** | • उपभोक्तालाई प्रविष्ट गरिएको मितिमा सेवाहरू प्राप्त गर्ने अनुमति छैन। समाधानका लागि आफ्नो स्थानीय कार्यालयमा सम्पर्क गर्नुहोस्। |
| **"तपाईंले यो मिति र समयका लागि प्रणालीमा पहिले नै डुप्लिकेट वा ओभरल्यापिङ पन्च गरिसक्नुभएको छ। (डुप्लिकेट/ओभरल्यापिङ पन्च आइडी: xxx) कृपया अर्को मिति/समय चयन गर्नुहोस् वा आफ्ना सुपरभाइजरलाई सम्पर्क गर्नुहोस्।"** | • दोहोरिने हो कि होइन भन्ने कुरा निर्धारण गर्न र आवश्यक प्रविष्टि समायोजन गर्न आफ्ना विद्यमान प्रविष्टिहरूको समीक्षा गर्नुहोस्।<br>• यदि कुनै प्रविष्टि "स्वीकृत" वा "प्रशोधन गरिएको" अवस्थामा छ र सुधार गर्नुपर्ने छ भने, कृपया मद्दतका लागि आफ्नो स्थानीय कार्यालयमा सम्पर्क गर्नुहोस्। |
| **"FOB सुरु र अन्त्य हुने टोकनहरू अमान्य छन्। के तपाईं पोर्टल साइन अफ कार्य जारी राख्न चाहनुहुन्छ?"** | • जाँच गरेर FOB कोडहरू सही ढङ्गले प्रविष्ट गरिएको कुरा सुनिश्चित गर्नुहोस्।<br>• fob कोडहरू तपाईंले लेख्नुभएको कोडसँग मिलेको छ र तपाईंले यो त्रुटि प्राप्त गरिराख्नुभयो भने, "पोर्टल साइन अफ" जारी राख्ने विकल्पमा 'हो' क्लिक गर्नुहोस्। प्रविष्टिलाई गैर-EVV अनुरूप प्रविष्टिको रूपमा रेकर्ड गरिने छ। |
| **"कृपया मान्य मिति प्रविष्ट गर्नुहोस्।"** | • तपाईं भविष्यको मिति प्रविष्ट गर्न सक्नुहुन्न। मिति आजको मिति वा पहिलेको मिति हो भन्ने कुरा सुनिश्चित गर्नुहोस्। |
| **"समय हालको समयभन्दा बढी हुनु हुँदैन।"** | • तपाईं भविष्यको समय प्रविष्ट गर्न सक्नुहुन्न। समय हालको वा विगतको हो भन्ने कुरा सुनिश्चित गर्नुहोस्। |
| **"कृपया कम्तीमा एउटा मानकीकृत कथन चयन गर्नुहोस्।"** | • तपाईंले क्लक-आउट पुष्टि गर्नुअघि "मानकीकृत कथनहरू" खण्डमा प्रमाणीकरण चयन गर्नुपर्ने हुन्छ। |
| **"कुल पन्च रकम xxx भन्दा बढी हुनु हुँदैन। तपाईंले xxx प्रविष्ट गर्नुभएको छ।"**<br>**"प्रविष्टि ID xxx अस्वीकार गरिएको छ।"** | • प्रविष्टिहरू प्रति पन्च अधिकतम एकाइहरू भन्दा ठूलो हुनु हुँदैन।<br>• तपाईंको प्रविष्टि अस्वीकार गरिएको छ। |

| | |
|---|---|
| | • तपाईंले आफ्नो सही समय रिपोर्ट गर्न ऐतिहासिक प्रविष्टि सिर्जना गर्नुपर्ने छ । |

## व्यावसायिक नियमको उल्लङ्घन

**"तपाईंको पन्चमा एक वा बढी उल्लङ्घनहरू भएका छन् । कृपया तलका नतिजाहरू प्रमाणित गर्नुहोस् र 'स्वीकार गर्नुहोस्' विकल्प चयन गर्नुहोस् । यदि यो त्रुटि थियो भने, कृपया रद्द गर्नुहोस् र आफ्नो प्रविष्टि सम्पादन गर्नुहोस् ।"**

- उल्लङ्घन गरिएको विशिष्ट नियम यो पाठको तल प्रदर्शित हुने छ ।
- तपाईंले OR PTC DCI सन्देश मोड्युलमा कुन नियम उल्लङ्घन गरिएको थियो भन्ने सन्देश प्राप्त गर्नुहुने छ । तपाईंको खाताका प्राथमिकताहरूको आधारमा तपाईंले व्यावसायिक नियम उल्लङ्घन गरिएको र तपाईंलाई विस्तृत जानकारीका लागि OR PTC DCI सन्देश पोर्टल हेर्न निर्देशित गर्ने पाठ सन्देश र इमेल पनि प्राप्त गर्न सक्नुहुन्छ ।
- तपाईं (प्रदायक) आफू आफ्नो स्वीकृत घण्टाभित्र हुनुहुन्छ भन्ने कुरा सुनिश्चित गर्न आफ्नो समय सम्पादन गर्न जिम्मेवार हुनुहुन्छ । तपाईंलाई मद्दत चाहिएमा, कृपया आफ्नो स्थानीय कार्यालयमा सम्पर्क गर्नुहोस् ।

| व्यावसायिक नियम | कदम चाल्नु आवश्यक छ |
|---|---|
| **स्वीकृत बाँकी मौज्दात** | • तपाईंको घण्टाको दरले गरिएको प्रविष्टि उपभोक्ताको सेवा योजना / स्वीकृतिमा तोकिएको अधिकृत समयभन्दा बढी भएको छ।<br>• तपाईंले समय प्रविष्टि सच्याउनुपर्ने छ ताकि यो तपाईंलाई स्वीकृत समयभन्दा बढी नहोस् । तपाईंलाई सहयोग चाहिएमा आफ्नो स्थानीय कार्यालयमा सम्पर्क गर्नुहोस् ।<br>• स्वीकृत माइल संख्याभन्दा बढी भएको माइलेज प्रविष्टि सुरक्षित गरिने छैन । तपाईंले प्रविष्टि सुरक्षित गर्नुअघि माइल समायोजन गर्नुपर्ने हुन्छ । |
| **कर्मचारीको पन्च प्रविष्टि समयमै फाइलिङ गर्ने** | • तपाईंले सेवा प्रदान गरेको मितिदेखि 365 दिनसम्म मात्र समय/माइलेज प्रविष्ट गर्न सक्नु हुने छ ।<br>• कृपया ध्यान दिनुहोस्, ऐतिहासिक प्रविष्टिहरू EVV अनुरूप छैनन् । |
| **कर्मचारी सेवा खाता सुरु भएको मिति पन्च प्रविष्टि**<br>वा<br>**कर्मचारी सेवा खाता अन्त्य भएको मिति पन्च प्रविष्टि** | • तपाईंलाई यस मितिमा यी उपभोक्तालाई सेवाहरू प्रदान गर्न अनुमति दिइएको छैन ।<br>• तपाईंको प्रविष्टि अस्वीकार गरिएको छ ।<br>• तपाईंले उपभोक्ताका लागि काम सुरु गरेको वा बन्द गरेको मिति गलत ढङ्गले प्रविष्ट गरिएको हुन सक्छ र यसको समाधान गर्न तपाईंले आफ्नो स्थानीय कार्यालयमा सम्पर्क गर्नुपर्ने छ । |

| | |
|---|---|
| **ग्राहक डिस्चार्ज पन्च प्रविष्टि व्यावसायिक नियम** | • यस मितिमा उपभोक्ताका लागि सेवाहरू प्रदान गर्न अनुमति दिइएको थिएन ।<br>• तपाईंको प्रविष्टि अस्वीकार गरिएको छ ।<br>• उपभोक्ताले सेवाहरू प्राप्त गर्न सुरु गरेको वा बन्द गरेको मिति गलत ढङ्गले प्रविष्ट गरिएको हुन सक्छ र यसको समाधान गर्न तपाईंले आफ्नो स्थानीय कार्यालयमा सम्पर्क गर्नुपर्ने छ । |
| **कर्मचारीको रोजगारी समाप्ति मिति पन्च प्रविष्टि** | • तपाईंलाई यस मितिमा सेवाहरू प्रदान गर्न अनुमति दिइएको छैन ।<br>• तपाईंको प्रविष्टि अस्वीकार गरिएको छ ।<br>• तपाईंले सेवाहरू प्रदान गर्न सुरु गरेको वा बन्द गरेको मिति गलत ढङ्गले प्रविष्ट गरिएको हुन सक्छ र यसको समाधान गर्न तपाईंले आफ्नो स्थानीय कार्यालयमा सम्पर्क गर्नुपर्ने छ । |